

# ८ बाँच्न रोज

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति २:८,९, रोमी ६:२३, यूहन्ना ५:१२, व्यवस्था ३०:१-२०, रोमी १०:६-१०, व्यवस्था ४:१९, प्रकाश १४:६-१२

*यस अध्यायको मूल सार पद:* **"आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सकोस" ( व्यवस्था ३०:१९)।**

हाम्रो जीवनमा अत्यन्तै बिरक्त लाग्ने कथाहरूको ओइरो लागिरहेको हुन्छ। उदाहरणमा एउटा कथाः एक जना २२ वर्षकी महिला बिरामी भइन्। उनलाई अस्पतालमा लगिएको थियो। उनमा घातक रोगले हमला गरेको देखाइयो। त्यो थियो उनको मस्तिष्कमा ट्युमर वा गाँठो। आधुनिक अत्याधुनिक उपचार प्रविधीले पनि उनलाई बचाउन केही गर्न सकेन। उनको देहान्त नहुञ्जेल लामो पीडामा रहनु बाहेक अरू कुनै उपाय देखिएको थिएन। तर यो सान्डी नाउँ गरेकी महिला मर्न चाहिनन्।

त्यसकारण उनले एउटा योजना बनाइन्। उनको मृत्युपछि उनको शिर गहिरो फ्रिज वा चिसो बाकसमा राखियोस् जहाँ तरल नाइट्रोजन वा रासायनीक पदार्थले त्यो शिर ढाकियोस्। उनको शिरमा भएका तन्तु र कोषिकाहरू सुरक्षित भएर बसुन् भन्ने उनको आशा थियो। अनि पचास वर्षपछि, सय वर्षपछि र हजारौं वर्षपछि विज्ञानले यस्तो प्रविधी आविष्कार गरियोस् कि  उनको मगजमा रहेका सबै तन्तु, स्नायु र कोषिकाहरूलाई कम्प्युटरमा राख्न सकियोस्। जसको फलस्वरूप सान्डी जीवित होस् र सधैं बाँचिरहुन्। त्यो उनको चाहना थियो।

यो कथा दुःखलाग्दो छ। त्यस युवतीको मृत्युको बारेमा भन्दा पनि उनी जिउने आशा कसमाथि उनले राखेकी थिइन्। धेरै मानिसहरू जस्तै सान्डी बाँच्न चाहन्छन्, जिउन चाहन्छन्। तर उनले त्यो बाटो रोजिन् जुन बेकारको थियो।

त्यही सन्दर्भलाई लिएर हामी यस अध्यायमा व्यवस्थाको पुस्तकबाट एउटा विशेष विषयलाई हातमा लिएर हाम्रो अध्ययनमा अघि बढ्नेछौं। जीवनको निर्णय वा बाँच्ने निर्णयको बारेमा हामी हेर्नेछौं। परमेश्वरले हामीलाई जिउन अवसर दिनुभएको छ तर हाम्रो चाहना र शैलीको अनुसार होइन बरू परमेश्वरको। उहाँ नै हामीललाई जीवन दिनुहुन्छ र हाम्रो जीवनलाई सँभार गर्नुहुन्छ। हामी जिउने अवसर उहाँको सदाशयी अनुग्रहले प्रदान गरिएकोछ।

## १. जीवनको रूख

हामी कोही पनि आफ्नै इच्छाले यस संसारमा जन्मेका होइनौं, हौं त? हामी कहाँ जन्मिने, हाम्रा बुबाआमा को हौ भनेर हामीले चुनेका हुँदैनौं।

आदम र हव्वाको मामिलामा पनि त्यही हो। जसरी रूख, पात, पत्थर, हिमाल पहाडहरू सृजिन परमेश्वरको इच्छाले बाहेक तिनीहरूको इच्छाले अस्तित्व भएको थिएन त्यसरी नै आदम र हव्वाको पनि तिनीहरूको इच्छाले यस संसारमा सृष्टि भएका थिएनन्। हामी मानव सृष्टि भएको हैशियतले हामी केवल अस्तित्वको निम्ति सृजिएका होइनौं जस्तै पत्थर वा जीव हुनमात्र जस्तै शुक्ष्म जीवाणु तर वौद्धिक र विवेकशील आत्मनिर्णयको स्वतन्त्रताले सुसज्जित भएर परमेश्वरको स्वरूपमा सृष्टि भएका प्राणी हौं।

तर हामी परमेश्वरको स्वरूपमा सृष्टि भएर विवेकशील, आत्मनिर्णयको स्वतन्त्रता र वौद्धिक सम्पदाले सुसज्जित भएर सृष्टि हुन पनि हामीले चुनेका होइनौं। तर परमेश्वरले हामीलाई जे प्रदान गर्नुभयो त्यसको अस्तित्वलाई कायम गरी राख्ने स्वतन्त्रता हामीलाई नै व्यक्तिगत रूपमा सुम्पिएको छ। त्यस स्वतन्त्रतामा येशूमा पाइने बर्तमान अर्थमूलक जीवन र अनन्त जीवन समावेश भएको छ जुन येशू र क्रुसमा उहाँको मृत्युबाट उपलब्ध भएको थियो। त्यस जीवनलाई अङ्गाल्ने न आङ्गल्ने आत्मनिर्णयको स्वतन्त्रता हाम्रो हो। उहाँलाई चुन्यौं भने हामी यस जीवनमा अर्थमूलक जिउने आधार र अनन्त जीवनमा सहभागी हुन सक्छौं।

**जब आदमलाई अस्तित्वमा ल्याइयो त्यसबेला परमेश्वरले उनलाई दुईमा एक चुन्ने आत्मनिर्णय गर्ने अधिकार दिनुभएको थियो। हेर्नुहोस्, देहायका पदहरू; "८ परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैंचा लगाउनुभयो, र उहाँले बनाउनुभएको मानिसलाई त्यहीं राख्नुभयो। ९ अनि हेर्नमा राम्रो र खानमा असल फल भएको हरेक किसिमको रूख परमप्रभु परमेश्वरले भूमिबाट उमार्नुभयो। उहाँले बगैंचाको बीचमा जीवनको रूख र असल र खराबको ज्ञान दिने रूख पनि लगाउनुभयो।...१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड्गाड् र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ त्यो दिन तिमी निश्चय नै मर्नेछौ" (उत्पत्ति २:९,९, १५-१७), "२२ तब परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ। अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैंभरि जीवित रहला।" २३ यसैकारण जुन भूमिबाट उनी बनाइएका थिए, त्यसैको खेतीकिसानी गर्न परमप्रभु परमेश्वरले उनलाई अदनको बगैंचाबाट निकालिदिनुभयो" (उत्पत्ति ३:२२-२३)।**

"अदनको बगैंचाको बीचमा जीवनको रूख थियो। त्यस रूखको फलमा अजम्मरी जीवन दिने शक्ति थियो। यदि आदम परमेश्वरप्रति बफादार भएर रहेको भए उनले त्यो रूखको  फल स्वतन्त्रतासाथ रमाइलो मानेर खान सक्थ्यो र उनी कहिल्यै पनि मर्ने थिएन। तर जब उनले पाप गरे तब त्यस जीवनको रूखबाट फल खान बंचित गराइयो। त्यसको फलस्वरूप उनी मृत्युमा सहभागी हुन पुगे। 'तिमी माटोबाट निस्किएको र माटैमा जानेछौ' भन्ने परमेश्वरले सुनाउनुभएको फैसलाले जीवन अस्तित्वविहिन हुन गएको औंल्याउँछ।"- एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ५३२, ५३३बाट रूपान्तरित।

त्यसरी मानव जीवनको सृष्टिको सुरुदेखि नै मानिसलाई दुईमा एक वैकल्पिक रोजाइ तेर्स्याइ दिएको बाइबलले बताउँदछः अनन्त जीवन जुन सुरुमा हामीमा हुनुपर्ने थियो, वा अनन्तको मृत्यु अर्थात् जसरी अस्तित्वविहिनताबाट हामी सृष्टि भयौं त्यही अस्तित्वविहिनतामा हामी फर्किने।

"जीवनको रूख"ले अमर जीवन दिन्छ भनेर धर्मशास्त्रले भनेको रोचकपूर्ण छ। यही रूखको बारेमा बाइबलको पहिलो पुस्तकमा देखापरेको थियो भने त्यही रूख बाइबलकै अन्तिम पुस्तकमा फेरि देखा पर्दछ। प्रकाश २:७ "जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु।" र प्रकाश २२:२,२२ " २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए।...१४ "जीवनका वृक्षको हक पाउन र सहरका ढोकाहरूबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरू धन्यका हुन्।"

हामीले पाउनुपर्ने सन्देश सायद यो हुनसक्छः हामी जीवनको रूखबाट फल खान सक्नेभएतापनि पापले गर्दा त्यो हामीले गुमायौं; तब अन्तमा आएर जब पापको समस्या जरैदेखि उखेलिन्छ तब मुक्ति पाउन रोज्नेहरूले त्यस जीवनको रूखको फल फेरि खान पाउनेछ जुन पृथ्वीको सुरुमा खान अवसर पाएका थिए। यस अवसर दिने श्रेय प्रभु येशू ख्रीष्ट र मुक्तिको योजना हो। उहाँप्रति आभारित हुँदै हामीले उहाँलाई धन्यवाद दिनुपर्दछ।

**यो तपाईंले गहिरिएर सोच्नुहोस्: हामीहरूको दैनिक जीवनमा हामीले के रोजी रहेकाछौं जसले हामीलाई अनन्त जीवन वा अनन्त मृत्यु?**

## २. मध्यम मार्ग छैन

बाइबलभरि दुई वैकल्पित निर्णयहरू हाम्रो सामु राखिदिएको छ। उहाँप्रति बफादार हुने वा नहुने, वा उहाँलाई विश्वास गर्ने कि नगर्ने वैकल्पिक निर्णय गर्ने अधिकार हामीलाई नै सुम्पिएको छ। ती दुईमा कुनचाहिँ चुन्ने त्यो आत्मनिर्णयको अधिकार यस पृथ्वीमा जन्मिने प्रत्येक मानिसलाई स्वविवेकको स्वतन्त्रतालाई दिमागमा कुम्लाएर राखिदिएको छ। (त्यो अधिकारलाई परमेश्वर आफैले हस्तक्षेप गर्नुहुन्न न त कुनै पनि मानिसले गरोस् भन्ने उहाँको चाहना छ। परमेश्वरले दिनुभएको आत्मनिर्णयको स्वतन्त्रता वा स्वविवेकको स्वतन्त्रता कुनै चाहे परिवारनै किन नहोस्, धर्म, समाज वा राजनीतज्ञहरूले लाद्न छुट परमेश्वरले दिनुभएको छैन। दानिएलको कथा यसको ज्वलन्त उदाहरण हो। उनले सृष्टिकर्ता परमेश्वरलाई नमान्ने तन्त्रमन्त्र गर्ने, जादुगरहरू,

ज्योतिषीहरू, बेबिलोनका बुद्धिजीवीहरूको बचावको निम्ति तत्कालिन बेबिलोन सभ्यताका विश्व सम्राट् नेबुकदनेजारलाई बिन्ति गरेका थिए। बाँच र बाँच्ने देऊ भन्ने नीतिसहित, धर्म वा अरू कुनै कारणले मानिसको व्यक्तिगत स्वविवेकलाई नकुल्चिदिनुहोस्-यस अध्यायको सन्दर्भमा अनुवादकको व्यक्तिगत अनुरोध)।

देहायका पदहरू पढ्नुहोस्। यहाँ दुई वैकल्पिक निर्णय गर्ने अधिकार उल्लेख गरिएको छ। दुईवटा रोज्नेमा के रोज्ने भनेर प्रत्येक मानिसलाई देखाइदिएको छ। ती रोज्ने वा आत्मनिर्णय गर्ने मार्ग प्रत्यक्ष वा अप्रत्यक्षरूमा देहायका पदहरूमा दिइएको छ। आफ्नै स्वविवेकलाई केलाएर ती पदहरू पढ्नुहोस्: यूहन्ना ३:१६,१७ "“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।", उत्पत्ति ७:२२,२३ "ओबानो भूमिमा भएका सास हुने सबै प्राणी मरे। २३ अनि जति प्राणी जमिनमा थिए- के मानिस, के पशु, के घस्रने जन्तु, के पन्क्षी , सबै मासिए। तिनीहरू पृथ्वीबाट मासिए, केवल नोआ र जति जना तिनीसित जहाजमा थिए तिनीहरू मात्र जीवितै रहे।", रोमी ६:२३ "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।", रोमी ८:६ "किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो।", १ यूहन्ना ५:१२ "जससँग पुत्र हुनुहुन्छ, त्ययससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।" र मत्ती ७:२४-२७ "२४ “यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।”

बाइबलको शिक्षादीक्षामा मध्यम मार्ग तेर्स्याइदिएको छैन। परमेश्वरलाई विश्वास गरेपनि हुन्छ नगरेपनि हुन्छ भन्ने मानवीय दर्शनलाई बाइबलले छुट दिएको छैन (मानिसले छुट देला, त्यो अर्कै धारणा हो)। परमेश्वर र सैतानको बीचमा भइरहेको महान् संग्राम वा द्वन्द्वको पूरा समाप्त हुनु अघि पाप, सैतान, दुष्ट, खराब, आतङ्क, अवैज्ञा वा परमेश्वरको नीतिलाई नमान्ने, हठी, विद्रोही जस्ता तत्वहरू सदाको निम्ति निर्मूल हुनेछ। त्यसको अर्थ, त्यो हुनु अघि परमेश्वरले प्रत्येक व्यक्तिलाई यो निर्णयको अधिकार दिनुभएको छः कि त यस जीवनमा अर्थमूलक जीवन र अनन्त जीवन जुन उहाँले यस संसारलाई सृष्टि गर्नुभन्दा पहिले नै दिन चाहनुभएको थियो, त्यसलाई रोज्ने वा अनन्तको मृत्यु अर्थात् सदाको निम्ति अस्तित्वविहिन हुने। यस मामिलामा पावलले आफ्नो स्पष्ट धारणा यसरी राख्दछन्: "५ परमेश्वरको धार्मिक इन्साफको साक्षी यही हो, कि तिमीहरू परमेश्वरका राज्यको योग्य ठहरिन सक, जसको निम्ति तिमीहरू दुःख भोगिरहेछौ। ६ परमेश्वर न्यायी हुनुहुन्छ, उहाँले तिमीहरूलाई दुःख दिनेहरूलाई दुःख दिनुहुन्छ, ७ र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ। यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। ८ परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। ९ तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्, १० जब त्यस दिन उहाँका सन्तहरूमा महिमा पाउन र विश्वास गर्नेहरू सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ, किनभने तिमीहरूलाई दिएको हाम्रो साक्षीमा तिमीहरूले विश्वास गर्‍यौ।"

हामीहरूको भाग्य हाम्रै आत्मनिर्णयमा छ (अर्थात् पूर्व जन्मको फल, निधार वा हातमा लेखिएको भाग्य रेखा कोरिएर आएको अनुसार भन्ने धारणालाई बाइबलले सरासर स्वीकार्दैन-अनुवादक)। हामी अनन्त जीवन पाउने वा नपाउने भाग्यको निर्णय न त कसैले, न त सैतानले, न त परमेश्वरले गर्नुहुन्छ। प्रत्येक दिन हाम्रो जीवनको सामु बाँच्ने वा अनन्त जीवन पाउने कि अनन्त मृत्यु रोज्ने वातावरण उपलब्ध गराइएको छ।

**अनन्त जीवन र अनन्त मृत्युको सन्दर्भमा बाइबलले सिकाएको सत्य अनुसार कोही पापी, अधर्मी निरन्तररूपमा कष्ट भोगिरहने र जलिरहने गलत र अमान्य धारणाले हामीलाई किन सान्त्वना दिने सत्य हो? यदि अनन्त जीवन**

नपाएकाहरू, दुष्टहरू,अधर्मीहरू पापीहरू नर्कमा सधैं जलिरहने आगोमा भतभती पोलेर महाकष्ट पाइरहन्छन् भन्ने बाइबलभन्दा विपरित धारणालाई विश्वास गरे त्यसले परमेश्वरको चरित्रलाई कसरी चित्रण गर्दछ अर्थात् यदि त्यो नर्कको धारणा सत्य हो भने परमेश्वर कस्तो निरङ्कुस हुनुहुन्छ भन्ने उहाँको स्वभावलाई बिलकुल गलत चित्रण गरिरहेको छैन र? यसमा केही हदमा त्यस धारणालाई नमान्ने इसाईहरू वा इसाई सम्प्रदायले नै कस्तो अग्रज भूमिका खेलिरहेको छ?

## ३. जीवन, बाँच र असल, मृत्यु र दुष्ट तथा खराब, आशिषहरू र श्रापहरू

व्यवस्थाको पुस्तकको अन्ततिर मोशाले इस्राएलीहरूलाई लामो अर्तिनिर्देशन दिएका थिए। यदि तिनीहरूले परमेश्वरसँग गरिएका करारका बाचाहरू भङ्ग गरे तिनीहरूलाई के हुनेछ भनेर बुझाएका थिए। परमेश्वरको वचन नमानी अवज्ञा गरेर जीवन बिताए तिनीहरू प्रवासी जीवन जीवन बिताउनु पर्नेछ तैपनि तिनीहरूलाई तिनीहरूको भूमिमा फेरि फर्काएर ल्याउने प्रतिज्ञा मोशामार्फत परमेश्वरले तिनीहरूलाई दिनुभएको थियो। त्यो व्यवस्था ३० अध्यायको अन्तिमतिर उल्लेख गरिएको छ।

तर त्यो फर्किन सर्तचाहिँ थियोः तिनीहरू आफ्ना पापको पश्चाताप गर्नुपर्ने र दुष्ट तथा खराब आचरणबाट फर्किनुपर्ने।

व्यवस्था ३०:१५-२० पढ्नुहोस्। यहाँ पौराणिक इस्राएललाई के वैकल्पिक निर्णयहरू अर्थात् के चुन्ने वा नचुन्ने भन्ने प्रस्ताव प्रस्तुत गरिएको थियो? यी वैकल्पिक निर्णयहरू व्यवस्थाको पुस्तकमामात्र होइन सारा बाइबलभरी नै कसरी प्रतिबिम्बित गरिएको छ? हेर्नुहोस्: "१५ हेर, आज मैले तिमीहरूका अगि जीवन र वृद्धि, अनि मृत्यु र नाश राखेको छु। १६ परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्न, उहाँका मार्गमा हिंड्न, उहाँका आज्ञा, विधि र नियमहरू पालन गर्न म आज तिमीहरूलाई आदेश दिँदछु। तब मात्र तिमीहरू जिउनेछौ, तिमीहरूको वृद्धि हुनेछ, र तिमीहरूले अधिकार गर्न लागेका देशमा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुहुनेछ। १७ तर तिमीहरूका हृदय बरालिएर तिमीहरू अटेरी भयौ र अन्य देवताहरूप्रति आकर्षित भएर तिनीहरूलाई पुज्न र सेवा गर्न लाग्यौ भने, १८ तिमीहरू निश्चय नै नष्ट हुनेछौ भनी म आज घोषणा गर्दछु, र यर्दन पारि अधिकार गर्न जान लागेको देशमा तिमीहरू धेरै दिन बाँच्नेछैनौ।१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका

**विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, २० र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित उहाँले दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।"**

परमेश्वरको अडान स्पष्ट छः उहाँ, यह्वे परमेश्वरले इस्राएलीहरूको सामु दुई विकल्पहरू अर्थात् रोज्ने आत्मनिर्णयको स्वतन्त्रता राख्नुभएको थियो। त्यो बिकल्प खास गरेर अदनको बगैंचामा आदम र हव्वालाई परमेश्वरले पहिला नै दिनुभएको थियो। अझ भनौंभने व्यवस्था ३०:१५मा उल्लेख गरिएका शब्दहरू हिब्रू भाषामा "असल" (टोभ *tov*) र "खराब" (रा *ra')* भन्ने शब्दहरू असल र ज्ञान दिने उत्पत्तिको पुस्तकमा उल्लेख गरिएकोरूखको बारेमा उल्लेख गर्दा त्यहाँ पनि त्यही "असल" (टोभ *tov)* र "खराब" (रा *ra')* शब्दहरू प्रयोग गरिएका थिए। यहाँ र बाइबलभरि नै मध्यम मार्ग तोकिएको छैन। कि त तिनीहरू परमेश्वरलाई सेवा गरेर बाँच्नु वा जीवन पाउनु वा उहाँलाई नचुन्दा मर्नु जसको अर्थ जिउँदो लास बन्नु र अनन्त जीवन गुमाउनु। त्यसको बीचमा अरू कुनै दर्शन, विश्वास, वाद आदि घुसारेर असल वा धर्मात्मा वा परमेश्वरको सामु निर्दोष भएर बस्ने छुट बाइबलले दिएको छैन। त्यो बिकल्प, मोशाको समयमा पनि थियो, आदमको समयमा थियो र अहिले पनि छ।

जीवन, अर्थमूलक भएर बाँच्ने निर्णय, भलो र आशिषको फोहराको बिकल्पमा के छ त? मृत्यु, दुष्ट, खराब, आतङ्क, त्रसित अर्थहिन जीवन, जिउँदो लास र श्रापहरू। हो, परमेश्वर प्रेमिलो हुनुहुन्छ उहाँले केवल जे असल छ त्यो दिनुहुन्छ, जीवन दिनुहुन्छ र आशिषहरू दिनुहुन्छ भनेर तर्क गरेतापनि यदि तिनीहरू परमेश्वरबाट फर्के वा उहाँको वचनलाई वेवास्ता गरेर चले भने त्यसको नतिजा ती खराब कुरोहरू स्वभाविकैरूपमा तिनीहरूमाथि आइपर्नेछन्। किन त भन्दा, जसरी मानिसहरू सत्य परमेश्वरलाई पूजा गर्ने वा मान्ने आफ्नो नैतिक जिम्मेवार ठान्दैनन् भने परमेश्वरले पनि तिनीहरूलाई विशेष सुरक्षा गर्ने आफ्नो नैतिक जिम्मेवारी लिनुहुन्न। किनकि उहाँले असल कुरो मानिसको चाहना बिपरित लाद्नुहुन्न।

यद्यपि, हामीले बुझ्नु नै पर्ने कुरो त यो छ कि यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीलाई दुई विकल्पहरू परमेश्वरले राखिदिनुभएको छ। यो एकदम स्पष्ट छः त्यो हो तिनीहरूको आत्मनिर्णयको स्वतन्त्रता अर्थात् विवेकको स्वतन्त्रता। यदि यो आत्मनिर्णय वा स्वविवेकको पवित्र स्वतन्त्रताको बरदान मानिसमा भएन भने व्यवस्था ३०:१५-२०का अरू बाइबलभरि दिएका अरू पदहरूको अर्थको कुनै मूल्य वा मान्यता हुँदैन।

वास्तविकरूपमा परमेश्वरले ती इस्राएलीहरूलाई यो भनिरहनुभएको थियोः *त्यसकारण मैले तिमीहरूलाई आत्मनिर्णयको स्वतन्त्रता अर्थात स्वविवेकको स्वतन्त्रता वा के रोज्ने नरोज्ने अधिकार तिमीलाई दिएर सृष्टि गरेकोले तिमीहरू जीवन चुन, बाँच्न रोज वा खोज, आशिष पाउन आतुरी होऊ, जे असल वा भलो हुन्छ सो रोज, मृत्यु, खराब, दुष्टता र श्रापहरूलाई नरोज।*

यो जस्तो न्यायोचित वा उचित रोज्ने बाटो अरू के हुन सक्छ र, होइन त? र तैपनि, हामीलाई थाहा छ के भयो वा भइरहेको छ। त्यसबेला भएको परमेश्वर र सैतानको बीचमा भएको महान् संग्राम वा भिषण द्वन्द्व, परमेश्वर र उहाँका जनहरूको बीचमा भएको द्वन्द्व जसरी वास्तविक थियो र अहिले पनि जारी नै छ। पौराणिक इस्राएलको उदाहरणबाट हामीले सिक्नु जरुरी छ। यदि हामीले हाम्रो जीवनलाई परमेश्वरलाई इमान्दारपूर्वक सुम्पेनौं भने, उहाँले दिनुभएको आत्मनिर्णयलाई उचितरूपमा चुनेर जीवन बिताएनौं भने हामीलाई के हुन्छ वा आइपर्छ सो हाम्रो सामु खुला छ।

**व्यवस्था ३०:२० पढ्नुहोस्। यहाँ प्रेम र आज्ञा पालनको बीचमा के सम्बन्ध जोडिएको छ सो हेर्नुहोस्। परमेश्वरप्रति बफादार हुन इस्राएलले के गरे? त्यही नीति आज पनि हामीले कसरी आत्मसात् गर्न सक्छौं?**

## ४. यो तिमीहरूको निम्ति कुनै कडा छैन वा गाऱ्हो कुरो होइन

यदि मानिसहरू पश्चाताप गरेर, दुष्ट आचरणहरू छोड्दै निर्दोष वा बाइबलले औंल्याएका असल जीवन बितायो भने मानिसहरू कस्तो हुनेछ भनेर परमेश्वरले मोशाद्वारा भन्नुभएको वचन व्यवस्था ३० अध्यायको सुरुमा उल्लेख गरिएको छ। तिनीहरूलाई आश्चर्य चकित पार्ने प्रतिज्ञाहरू उपलब्ध हुने उहाँले सङ्कल्प गर्नुभएको थियो।

व्यवस्था ३०:१-१० ध्यान दिएर पढ्नुहोस्। यहाँ परमेश्वरले प्रतिज्ञाहरू दिनुभएको छ। इस्राएलीहरूले परमेश्वरको मार्गलाई अवज्ञा गरे वा उहाँप्रति विश्वासघात गरि चले तिनीहरूलाई के हुनेछ भनेर उहाँले फैसला सुनाउनुभएपछि पनि उहाँले मार्मिक प्रतिज्ञा वा कबुलहरू तिनीहरूलाई दिनुभएको थियो। तिनीहरूले परमेश्वरलाई त्यागेतापनि उहाँले तिनीहरूलाई त्याग्नुहुन्न भन्ने उहाँको वचन थियो। तर ती प्रतिज्ञाहरूका फाइदा मानिसहरूले त्यसबेलामात्र उपभोग गर्न पाउँछ जब तिनीहरूले परमेश्वरसँग टाँसिएर बस्न सक्यो भनेमात्र। मानिसहरू जतिसुकै अधर्म वा दुष्ट चालमा हिँडेपनि तिनीहरूप्रति परमेश्वरको प्रेम नछोड्ने उहाँको शङ्कल्पले उहाँको अचम्मको अनुग्रहको बारेमा हामीलाई के सिकाउँदछ? हेर्नुहोस्ः "१ परमप्रभु परमेश्वरले जाति-जातिहरूका बीचमा तिमीहरूलाई धपाइपठाउनुभएपछि जब यी आशिष् र श्राप तिमीहरूमाथि पर्नेछन् र तिनको स्मरण गरेर २ तिमीहरू र तिमीहरूका सन्तान परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्कनेछौ, र आज मैले आज्ञा गरेका उहाँका वचन आफ्नो पूरा हृदय र आफ्नो पूरा प्राणले मान्नेछौ, ३ तब परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूका सुदिन फर्काउनुहुनेछ र तिमीहरूलाई टिठ्याउनुहुनेछ, र जुन जातिहरूका बीचमा तिमीहरूलाई तितरबितर पार्नुभएको थियो, तीबाट तिमीहरूलाई बटुलेर ल्याउनुहुनेछ। ४ तिमीहरू देशनिकाला भएर आकाशमुनिको सबैभन्दा टाढ़ो देशमा भए पनि त्यहाँबाट परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई बटुल्नुहुनेछ, र त्यहाँबाट तिमीहरूलाई फर्काएर ल्याउनुहुनेछ। ५ तिमीहरूका पिता-पुर्खाले अधिकार गरेको देशमा परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूलाई ल्याउनुहुनेछ, र तिमीहरूले त्यसको अधिकार गर्नेछौ, र उहाँले तिमीहरूलाई तिमीहरूका पिता-पुर्खाभन्दा उन्नतिशील र असंख्य बनाउनुहुनेछ। ६ परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले आफ्नो सारा हृदय र आफ्नो सारा प्राणले प्रेम गर्नलाई उहाँले तिमीहरूको र तिमीहरूका सन्तानको हृदयको खतना गर्नुहुनेछ, र तिमीहरू जिउन सक। ७ परमप्रभु तिमीहरूका परमेश्वरले यी सबै श्रापहरू तिमीहरूलाई हेला गर्ने र खेदो गर्ने तिमीहरूका शत्रुहरूमाथि ल्याउनुहुनेछ। ८ तिमीहरूले फेरि परमप्रभुको वचन मान्नेछौ, र आज मैले तिमीहरूलाई दिएका उहाँका सबै आज्ञाहरू पालन गर्नेछौ। ९ तब तिमीहरूका हातका सबै काममा, सन्तानमा, गाईबस्तुका बाछा-बाछीहरूमा र भूमिका अन्नहरूमा आफ्ना परमेश्वरले तिमीहरूलाई अघोर वृद्धि गराउनुहुनेछ। १० व्यवस्थाको यस पुस्तकमा लेखिएका उहाँका आज्ञा र

**विधिहरू पालन गर्‍यौ भने र आफ्नो पूरा हृदयले र आफ्नो पूरा प्राणले परमप्रभु आफ्ना परमेश्वरतिर तिमीहरू फर्क्यौं भने, तिमीहरूका पिता-पुर्खासँग उहाँ प्रसन्न हुनुभएझैं परमप्रभु तिमीहरूसँग फेरि प्रसन्न हुनुहुनेछ र तिमीहरूलाई वृद्धि गर्नुहुनेछ।"**

परमेश्वरका ती अमूल्य वचनहरू हाम्रो कानले सुन्दा हामीलाई कस्तो आनन्द र सान्त्वना पाउँछौं। ती वचनहरू सुन्दा इस्राएलीहरू सञ्चो मान्नुपर्दथ्यो। तर एउटा नीतिमा तिनीहरू स्पष्ट हुनुपर्दथ्यो। "परमेश्वरले हामीलाई माया गर्नुहुन्छ, हामीलाई उहाँले उहाँले प्रतिज्ञा अनुसार प्रतिज्ञा गरिएको भूमिमा ल्याइ हाल्नुहन्छ। त्यसकारण उहाँका आदेशहरू पालन नगरेपनि केही फरक पर्दैन" भन्ने गलत नीति ती इस्राएलीहरूले अपनाउन छुट दिएको छैन न त हामीलाई नै। परमेश्वरले हल्का, सस्तो वा त्यसै आउने अनुग्रहको प्रतिज्ञा गर्नुभएको छैन। त्यो अनुग्रह त्यसबेलामात्र उपलब्ध हुन्छ वा विश्वासीहरूले उपभोग गर्न पाउँछ जब तिनीहरूलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने दिव्यज्ञान जानेपछि त्यस प्रेमले उहाँप्रति लोटपोट हुन सक्छ। उहाँलाई प्रेम गर्छु भनेर मुख वा ओठलेमात्र होइन उहाँका वचनहरूलाई शिरोपर गरेर वा आज्ञा पालनको जीवनले प्रकट गर्नुपर्छ। उहाँलाई मान्नेमात्र होइन उहाँले तिनीहरूलाई दिनुभएको नीतिनिर्देशनहरू पनि मान्न उहाँले अपेक्षा गर्नुभएको छ। त्यसको फलस्वरूप मानिसहरूले उहाँको अनुग्रहको फाइदा उठाउन सक्छ र अनुभव पनि गर्न सक्दछ।

**व्यवस्था ३०:१-१४ पनि ध्यान दिएर पढ्नुहोस्। यहाँ परमेश्वरले के बोलिरहनुभएको छ? यहाँ के आधारभूत प्रतिज्ञा उल्लेख गरिएको छ? के त्यो प्रतिज्ञा पुरानो करारमा रहने मानिसहरूको निम्तिमात्रै हो र? नयाँ करारमा के तपाईंले त्यस्तै प्रतिज्ञाहरू थाहा छ जस्ले व्यवस्था ३०:११-१४लाई प्रतिबिम्बित गराउँछ? हेर्नुहोस्: "११ आज मैले तिमीहरूलाई दिएको आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढ़ो छैन। १२ "हाम्रा निम्ति स्वर्गमा उक्लेर कसले त्यो ल्याइदिएर हामीलाई बताइदिने र हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो स्वर्गमा छैन। १३ "कसले सागर पारि गएर हामीलाई त्यो ल्याइदिएर हामीलाई सुनाइदिने र हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो सागरको पल्लो छेउमा पनि छैन। १४ तर तिमीहरूले पालन गर्नलाई वचन तिमीहरूको नजिकै छ— तिमीहरूकै मुख र तिमीहरूकै हृदयमा छ।"**

अत्यन्त सौन्दर्यात्मक, रोमाञ्चक, भावुक र कस्सिएको तर्कद्वारा परमेश्वरले आह्वान वा अपिल गर्नुभएको गहिरिएर सोच्नुहोस्। परमेश्वरले तिनीहरूलाई कुनै गाऱ्हो, असम्भव, असाधारण, धर्मकर्म कमाउन शरीर र जीवनलाई कष्ट दिने कठोर काम वा त्यागहरू, टाढा टाढा तिर्थयात्रा गर्न, जाडोमा कठ्याङ्ग्रिएर ध्यान गर्न वा आरती गर्न जस्ता कर्म वा धर्मकाण्डहरू मानिसहरूबाट माग गर्नुभएको छैन। परमेश्वरले जे आज्ञा गर्नुभयो त्यो न त "गाऱ्हो, कठोर र साऱ्हो" न त "रहस्यमय, लुकिएको आत्मिक वा धार्मिक ज्ञानहरू" छन्। उहाँका आज्ञाहरू यति सरल छन् कि धर्मगुरुमात्र होइन सर्बसाधारण पढ र अनपढ सबै मानिसहरूले बुझ्न सक्दछन्। ती आदेशहरू तिनीहरूभन्दा बाहिरको पहुँचमा छ। त्यसलाई प्राप्त गर्न कहीँ टाढा टाढा ठाउँहरूमा जानुपर्दैन। ती आत्मज्ञान न त आकाश माथि माथि वा स्वर्गमै छन्। त्यो ज्ञान प्राप्त गर्न कोही पनि लामो लामो वा टाढा टाढा यात्रा गर्नुपर्दैन। त्यो ज्ञान न त समुद्रपारि न त हिमालको टुप्पोमा छ जुन कसैले तिनीहरूलाई ल्याइदिनुपर्दछ। परमेश्वर आफैले स्पष्टरूपमा भन्नुभएको छः "तर वचन तिम्रो धेरै नजिक छ, तिम्रो मुख वा ओठमा र तिम्रो हृदय वा दिमागमा छ, ताकि त्यसलाई पालन गर्न सकुन्" (व्यवस्था ३०:१४ रूपान्तरित)। भनाइको तात्पर्य वा अर्थ यो हो कि तिमीहरूलाई चाहिने वचनहरू तिमीहरूलाई यस्तो प्रसस्तमात्रामा छ कि तिमीहरूले तिनीहरूको बारेमा बोल्नु पनि सक्छौ र तिमीहरूको हृदय, दिमाग वा विवेकमा छ ताकि ती वचनहरू अनुसार चल्न करै लगाउँछ। त्यसकारण "मलाई थाहा छैन। कुन विवेक अनुसार चल्नुपर्छ सो मलाई सिकाइएको छैन" भन्ने जस्ता बहानाहरू परमेश्वरको सामु अमान्य छ। "उहाँले दिनुभएका सबै आदेशहरू पालन गर्न परमेश्वरले प्रत्येक मानिसलाई शक्तिसम्पन्न गराउनुभएको छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ ३३३बाट रूपान्तरित।

ख्रीष्टमा पाइने मुक्तिको सन्दर्भमा प्रेरित पावलले व्यवस्था ३०:११-१५का केही वाक्यहरू रोमी १०:६-१०मा उतारेका छन्। विश्वासद्वारा परमेश्वरको सामु निर्दोष ठहरिन्छ भन्ने परमेश्वरको भनाइलाई नै पावलले पनि अडान लिएका थिए। हेर्नुहोस्, " ५ मोशा लेख्छन्, “व्यवस्थामा आधारित भएको धार्मिकता पालन गर्ने मानिस त्यसैबाट जिउनेछ।” ६ तर विश्वासमाथि आधारित भएको धार्मिकताले यसो भन्छ, “मन-मनमा यसो नभन, ’स्वर्गमा को उक्लने?÷ (अर्थात् ख्रीष्टलाई तल ल्याउनलाई), ७ वा आफ्नो मनमा यसो पनि

नभन, 'पातालमा को ओर्लने?" '(अर्थात् मरेकाहरूबाट ख्रीष्टलाई माथि ल्याउनलाई) । ८ तर यसले के भन्छ? "वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा," अर्थात् विश्वासको वचन, जो हामी प्रचार गर्दछौं। ९ किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ। १० किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ। ११ धर्मशास्त्र भन्छ, "उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।" १२ किनकि यहूदी र अन्यजातिमा केही भेद छैन। उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। १३ किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।" (रोमी १०:५-१३)।

त्यसैकारण, व्यवस्थाको पुस्तकमा लेखिएको ती पदहरूद्वारा इस्राएलीहरूलाई यो सन्देश दिए थियोः बाँच वा मर, जीवन चुन वा मृत्यु, आशिष वा श्राप। यदि परमेश्वरको अनुग्रह र विश्वास वा उहाँमाथिको आस्थाद्वारा तिनीहरूले जीवन चुन्यो भने त्यो तिनीहरूले पाउनेछन्, यस संसारमा अर्थमूलक जीवन र आउने संसारमा अनन्त जीवन। ***के अहिले पनि त्यही आह्वान केही फरक छ त?***

## ५. आराधनाको बारेमा प्रश्न

परमेश्वर र इस्राएलीहरूको करार वा समझदारीलाई निरन्तररूपमा कायम राख्ने तत्व नै आराधना थियो। अरू इस्राएलीहरू र उनका वरिपरिको विश्वको सबै राष्ट्रहरूको बीचमा एक उल्लेखनीय भिन्नता थियो। इस्राएललेमात्र सनातन सृष्टिकर्ता एक सत्य परमेश्वरको आराधना गर्थ्यो। तर अरू राष्ट्रहरूले अनगिन्ति देवीदेवताहरू मान्थे, तिनीहरूको मूर्तिलाई पूजा गर्थे र मानिसहरूलाई नै भगवान भनेर पूजा गर्थे तिनीहरू सृष्टिकर्ता नभएकोले बाइबलले तिनीहरूलाई ईश्वर भनेर स्वीकार्दैन। परमेश्वरले यो दावी गर्नुहुन्छः ""अब हेर, म उही हुँ, मबाहेक अरू कोही ईश्वर छैन" (व्यवस्था ३२:३९)।

**व्यवस्थाको पुस्तकको देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा एकै खालको के चेतावनी दिएको छ? यो चेतावनी इस्राएल राष्ट्रको निम्ति किन अति महत्त्वपूर्ण छ? हेर्नुहोस्ः व्यवस्था ४:१५-१९ "१५ होरेबमा अग्निको माझदेखि**

परमप्रभु बोल्नुभएको दिन तिमीहरूले कुनै आकृति देखेनौ। १६ सावधान बस! नत्रता तिमीहरूले आफ्ना निम्ति एउटा मूर्ति बनाउनेछौ, र कुनै नर वा नारीको प्रतिमा, १७ अथवा पृथ्वीको कुनै पशुको वा आकाशमा उड्ने कुनै पन्क्षी को, १८ जमिनमाथि घस्रने कुनै जीवातको वा तल पानीमा हुने कुनै माछाको प्रतिमा बनाएर तिमीहरू भ्रष्ट हुनेछौ। १९ आकाशमा परमप्रभु तिमीहरूका परमेश्वरले सारा मानिस-जातिलाई दिनुभएको घाम, जून, तारा— सारा ग्रह-नक्षत्र देख्दा तीप्रति आकृष्ट भएर तिमीहरूले तिनीहरूको पूजा र सेवा नगर।", व्यवस्था ८:१९-२० "१९ म आज तिमीहरूलाई यो कड़ा चेताउनी दिँदैछु, कि तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्स्यौ र अन्य देवताहरूका पछि लागेर तिनीहरूको आराधना र पूजा गर्‍यौ भने, तिमीहरू अवश्य नष्ट हुनेछौ। २० परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गरेनौ भने, तिमीहरूलाई पनि परमप्रभुले तिमीहरूकै अगि नाश गर्नुभएका जातिहरूझैं नाश गर्नुहुनेछ।", व्यवस्था ११:१६ "यसैले होशियार रहो, नत्रता तिमीहरू तर्केर अरू देवताहरूको सेवा र पूजा गरौला।" र व्यवस्था ३०:१७,१८ "१७ तर तिमीहरूका हृदय बरालिएर तिमीहरू अटेरी भयौ र अन्य देवताहरूप्रति आकर्षित भएर तिनीहरूलाई पुज्न र सेवा गर्न लाग्यौ भने, १८ तिमीहरू निश्चय नै नष्ट हुनेछौ भनी म आज घोषणा गर्दछु, र यर्दन पारि अधिकार गर्न जान लागेको देशमा तिमीहरू धेरै दिन बाँच्नेछैनौ।"

हजारौं वर्ष पहिले आजको जस्तै त्यस्तो समाज, संस्कृति, वातावण, परम्परा, स्तर, दर्शन, धर्म, धारणाहरूमा रमाएका थिए जुन परमेश्वरका जनहरूको आस्था वा विश्वाससँग बाझिन्थ्यो। त्यसकारण परमेश्वरका जनहरू जहिले पनि आफ्नो आस्थाप्रति संवेदनशील भएर सुरक्षित भएर बस्नुपर्थ्यो। अनगिन्ति देवीदेवताहरूमान्ने समाजमा एक परमेश्वरमात्र मान्ने इस्राएलीहरूको अस्तित्व नै चुनौतीपूर्ण थियो। यदि तिनीहरू आफूहरूलाई सुरक्षित राखेन भने, आफ्नो पहिचानलाई अलग गरेर राखेन भने तिनीहरू पनि संसारकै बाटोमा लागेर उसका मूर्ति, देवीदेवताहरूलाई पूजा गर्न सजिलैसँग फसिन्थ्यो।

हाम्रो परमेश्वर "डाहा गर्ने परमेश्वर" हुनहुन्छ (व्यवस्था ४:२४, व्यवस्था ५:९, व्यवस्था ६:१५)। उहाँमात्रै सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ (कोही श्रीमानको अगाडि आफ्नो श्रीमतीले अर्को श्रीमानसँग लसपस गर्‍यो भने त्यो श्रीमान अर्को पुरुषको डाहा गर्नु जायज मानिन्छ भनेर सृष्टिकर्ता

परमेश्वरको अगाडि अरू देवीदेवताहरू पनि "म पनि सृष्टिकर्ता हुँ" भनेर दावी गरे परमेश्वरको डाहा गर्ने चरित्र जायजै मान्नुपर्दछ-अनुवादक)। उहाँमात्रै आराधनाको योग्य हुनुहुन्छ। उहाँले मध्यम मार्ग प्रस्तुत गर्नुभएको छैनः कि त जीवन दिनुहुने, भलो गर्नुहुने र आशिष दिनुहुने परमप्रभु परमेश्वरको आराधना गर्ने वा अरू मानव सृष्टि र मानव स्वभाव अनुसार बनाइएका देवीदेवताहरूलाई पूजा गरेर अनेकौं खराब तत्वहरू, श्रापहरू र अनन्त मृत्यु निम्त्याउने। परमेश्वरको सामु कोही पनि बीचमा हिंड्ने व्यक्ति हुँदैन अर्थात् उहाँलाई माने पनि ठिक नमाने पनि ठिक भन्ने छुट उहाँले दिनुभएको छैन।

**प्रकाश १३:१-१५ पढ्नुहोस् र यसमा कसले कसको र कसरी आराधना गऱ्यो भन्ने विषयलाई प्रस्तुत गरेकोछ। त्यसलाई ध्यान दिएर पढ्नुहोस्। अनि त्यसको बिपरित प्रकाश १४:६-१२ पढ्नुहोस्। प्रकाशको पुस्तकमा यहाँ दिएको चेतावनी व्यवस्थाको पुस्तक र सारा बाइबलभरि दिइको गलत आराधनालाई कसरी प्रतिबिम्बित गरेको छ? हेर्नुहोस्: प्रकाश १३:१-१५ "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सीङ र सात वटा शिर थिए। त्यसका सीङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालूका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो। ३ त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो। ४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" ५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो। ६ परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको वासस्थान, र स्वर्गमा बस्नेहरूसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो। ७ अनि त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो। सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो। ८ र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।**

९ जसको कान छ त्यसले सुनोस्— १० कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ। ११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्।" र प्रकाश १४:६-१२ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, “परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।” ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।” ९ त्यसपछि तेस्रो स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, “यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।” १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

व्यवस्थाको पुस्तक र प्रकाशको पुस्तक फरक सन्दर्भमा लेखिएतापनि तिनीहरूको विषय एउटै होः के मानिसहरूले सत्य परमेश्वरलाई आराधना गरेर जीवन पाउन चाहन्छ कि उहाँको उपस्थितिलाई चाहे खुलारूपमा होस् वा अप्रत्यक्षरूपमा होस् वेवास्ता गरेर परमेश्वरप्रतिको निष्ठालाई त्यागेर वर्तमान अर्थहिन जीवन रोज्दै अनन्त मृत्यु रोज्ने? पौराणिक इस्राएललाई परमेश्वरले उहाँपछि लाग्न जबरजस्ती गर्नुभएको थिएन र अहिले पनि उहाँले हामीलाई जबरजस्ती गर्नुहुन्न। हामीले प्रकाश १३मा हेऱ्यौं धर्म लाद्ने, जबरजस्ती मूर्ती वा त्यसको छापलाई ढोग्न लगाउने, देवीदेवताहरूलाई पूजा गर्न लगाउने काम पशु वा सैतानको हो। त्यसको बिपरित परमेश्वर प्रेमद्वारा काम गर्नुहुन्छ।

**थाहै नपाइकन येशूप्रतिको निष्ठालाई पन्छाउँदै अरू देवतालाई हामी मान्न पुगेका छैनौं भनेर कसरी निश्चित हुने?**

## उपसंहारः

**थप जानकारीः पौराणिक कालमा होस् वा अहिले होस्, परमेश्वरले हामीलाई रोज्ने अधिकारदिनुभएको छ। हाम्रो निम्ति निर्णायत्मक शब्द हो आत्मनिर्णय वा विवेकको स्वतन्त्रता। कतिपय मानिसहरू वा कतिपय इसाईहरूले नै कसले मुक्ति पाउँछ कसले पाउँदैन भनेर परमेश्वरले पुर्पुरोमा लेखेर आएको हुन्छ, को नर्क गएर सधैं जलिरहने वा स्वर्ग जाने भन्ने धारणालाई अघि सार्दछन्। तर बाइबल अनुसार त्यो धारणा अत्यन्तै गलत छ। हाम्रो आफ्नै स्वइच्छाले जीवन वा मृत्यु, आशिष वा श्राप, असल वा खराब चुन्दछौं। ती तीन थोकहरूलाई (जीवन वा मृत्यु, आशिष वा श्राप, असल वा खराब) हामी आफैले सामना गर्दछौं। कसैले गलत बाटो रोजे पनि अनन्त मृत्यु भनेको अनन्तसम्म भकभक जलिरहेको आगोमा कोही पनि परिरहन्दैन भन्ने बाइबलको शिक्षा के राम्रो छैन त?**

"'पापको ज्याला मृत्यु हो; तर परमेश्वरको उपहार येशू ख्रीष्टद्वारा अनन्त जीवन' रोमी ६:२३। धर्मीहरूको निम्ति अनन्त जीवन पाउने हक हो भने दुष्टको निम्ति अनन्त मृत्यु पाउने हक हो। मोशाले इस्राएलीहरूको सामु यो घोषणा गरेका थिएः 'आजको दिन म तिमीहरूको सामु जीवन र असल वा भलो, मृत्यु र खराब राखिदिएको छु।' व्यवस्था ३०:१५। यो मृत्यु आदमलाई दिएकोमात्र घोषणा होइन किनकि उनले आज्ञा उल्लङ्घन गरेकोले सबै मानिस दण्दित भएर दुःख पाउनुपरेको छ। जब "मृत्यु" भनेर परमेश्वरले

घोषणा गर्नुहुन्छ त्यो दोस्रो मृत्यु अर्थात् अनन्त जीवनको बिपरित दिइने अस्तित्वविहिन वा सदाको निम्ति बिलाएर जाने जीवन हो।—एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५४४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. के परमेश्वरले अहिले नै तुरन्तै वा उहाँप्रति गरिने गद्दारी र पापको दण्ड दिनुहुन्छ कि त्यसलाई छानबिन गरेर कानुन अनुसार फैसला गर्नुहुन्छ? वा दुवै? के परमेश्वरले न्याय अहिले नै गर्नुहुन्छ कि पछि? हामीलले कसरी बुझ्ने?

आ. पापमाथि बिजय पाउन परमेश्वरले हामीलाई शक्तिसम्पन्न गर्नुहुन्छ र सो हामीलाई उपलब्ध गराइएको छ भन्ने एलेन जी ह्वाइटको कथलाई तपाईं के भन्नु हुन्छ?

इ. पावलले उल्लेख गरेका रोमी १०:१-१० फेरि पढ्नुहोस् जहाँ उनले ब्यवस्था ३०:११-१४बाट उतारेर व्याख्या गरेका थिए। मुक्ति भनेको विश्वासबाट उपलब्ध हुन्छ धर्मकर्म वा व्यवस्था पालन गरेर होइन। पावलले व्यवस्थाबाट ती पदहरू किन प्रयोग गरे होला? विशेष गरेर रोमी १०:१०मा ध्यान दिनुहोस्ः "किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ।"

ई. तपाईं रहेको समाज, समूह, संस्कृति र धार्मिक वातावरणले तपाईंलाई गलत दिशातर्फ लैजान कसरी उक्साउन सक्छ यदि तपाईं होशियार भएन भने?

## कथा ८
## व्यापारीका प्रार्थनाहरू
## कियङ्ग क्वन, ५६, दक्षिण कोरिया



जब कियङ्गले प्रार्थना गर्छन्, तब अचम्मका कामहरू हुन थाल्छन्। कियङ्ग दक्षिण कोरियाको लेखापाल अर्थात आर्थिक मामिला हेर्ने व्यक्ति हुन्। उनी सफल लेखापाल हुन्। विभिन्न संघसंस्था वा व्यक्तिहरूको आयव्यय हेर्ने र हिसाब दिने उनको आफ्नै निकाय वा संस्था छ। उनी सेभेन्थ-डे एडभेन्टिस्ट लेमान अर्थात् चर्चले के गर्ला भनेर मुख ताक्ने नभएर आफूले चर्च वा मिसनलाई के गरुँ भन्ने सोच्ने र त्यस अनुसार आफूलाई सक्रिय बनाउने साधारण विश्वासी हुन्। एक दिन जब उहाँ प्रार्थना गर्दै थिए, तब एउटा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च स्थापना गर्नुपर्छ भन्ने आवाज उहाँको मनमा गुञ्जियो। चर्चका अगुवाहरूले उहाँलाई पुरानो चर्च भवन दिए। त्यो उहाँको घर नजिक थियो। त्यो चर्चमा उनी सक्रिय भए, र एक वर्षभित्रै ४० मानिसहरूले बप्तिस्मा लिए।

उनी प्रार्थना गरिनै रहे। तीन वर्षभित्र उनको चर्चमा ९८ जनाले बप्तिस्मा लिए। तर चर्चमा १०० जना पुगोस् भनेर कियङ्गले प्रार्थना गर्न थाले। "मलाई १०० जना दिनुहोस्," भनेर उनले एकदिन परमेश्वरसँग पुकारे। जब उनले आफ्नो आँखा खोले, तब उनले एक जना महिलाको बारेमा सम्झे। त्यस महिलालाई उनले तीन वर्षदेखि भेटेका थिएनन्। उनले त्यस महिलाको बारेमा खोजनीति गरे। त्यस महिलाले बालबालिकाहरूको निम्ति चित्र बनाउने स्कूल खोलेको रहेछ भनेर उनले थाहा पाए। उनले फूलको गुच्छा लिएर त्यस स्कूलमा गए र त्यस महिलालाई उपहारस्वरूप दिए। जब उनीहरूको बीचमा कुराकानी भयो, कियङ्गले आफूले चर्च रोप्ने कुरा निकाले। ९८ जनाले आफ्ना हृदयहरू येशूलाई कसरी सुम्पे भनेर उनले त्यस महिलालाई बताए। अनि उनले आफू मुख खोलेर भने, "तपाईं सय जनामा गनिने व्यक्ति हुनुपर्‍यो।" "हुन्छ, म तपाईंको सयमा गन्ने व्यक्ति हुनेछु," भनेर त्यस महिलाले उनलाई आफ्नो प्रतिवद्धता देखाइन्। "कस्तो राम्रो!" कियङ्गले भने। "तर तपाईंले पहिला बाइबल अध्ययन गर्नुपर्छ। म भोली बेलुका ७:३० आउँछु र तपाईंलाई बाइबल सिकाउँछु।" अनि एक छिन रोकेर उनले भन्यो, "तपाईंको श्रीमान पनि तपाईंको साथमा हुनुपर्छ है!" कियङ्गले उनको श्रीमानको

बारेमा उल्लेख गरेको कारण उनको चर्चमा १०० जना पुऱ्याउन उनको श्रीमानको पनि आवश्यकता थियो।

कियङ्ग त्यस महिलाको चित्रकला स्कूल छोडेपछि, उनले आफ्नो श्रीमानलाई फोन गरिन्, "भोली कियङ्ग हामीलाई बाइबल सिकाउन आउँदै हुनुहुन्छ," उनले आफ्नो श्रीमानलाई सुनाइन्।

त्यस महिलाको श्रीमान पनि कियङ्ग जस्तै सफल व्यापारी थिए। तर उनी येशूभक्त थिएन। उनले विभिन्न देवीदेवता र आफ्ना पूर्खाका मन्दिरहरूमा गएर पूजा गर्दथे। केही समय अघि उनले आफ्नो अङ्ग्रेजी राम्रोसँग सिक्न अङ्ग्रेजी भाषामा लेखिएका धेरै पुस्तक किनेका थिए। ती पुस्तकहरूमा बाइबल पनि थियो। तर जब उनले बाइबल पढे, तब उनी अलमलमा परेका थिए। जब उनले सुरुमा बाइबल पढे, तब त्यसमा के लेखिएको र के भन्न खोजिएको हो, सो बुझ्न प्रयास गरेका थिए। त्यहाँ लेखिएको अङ्ग्रेजी भाषा त उनले बुझे, तर त्यहाँ लेखिएको अर्थचाहिँ उनले बुझ्न सकेका थिएनन्। आखिरमा, उनी निराश भएर बाइबलको परमेश्वरलाई बाइबलमा लेखिएको कुराहरू बुझाउन प्रार्थना गर्न थालेका थिए। "यदि तपाईं साँच्चिक्कै परमेश्वर हुनुहुन्छ भने, बाइबल बुझाउन मलाई कोही व्यक्ति पठाउनुहोस्," एक दिन उनले ठूलो स्वरले पुकारे। त्यसै बखत, उनको फोन बज्यो। त्यो फोन उनको श्रीमतीको थियो। "भोली हामीलाई बाइबल सिकाउन कियङ्ग आउँदै हुनुहुन्छ," उनले भनिन्। उनी अचम्भित भए। एक छिन उनी चलमल नै गर्न सकेन। उनको शरीरमा बिजुलीको बज्र परेको जस्तो भयो-शिरबाट मेरुदण्ड, अनि उनको खुट्टाको पाइतालामा त्यो करेन्टको झड्का भएको उनले महसुस गरे।

भोलिपल्ट, जब कियङ्ग त्यस दम्पत्तिको घरमा आए तिनीहरू बढो उत्सुकतासाथ बाइबल अध्ययन गर्न पर्खिरहेको देखेर, उनी छक्क परे। तिनीहरूको साथमा हुर्केका दुई छोराछोरीहरू पनि थिए। आफ्नो बुबाको प्रार्थना त्यसरी छिट्टै दिएकोमा, तिनीहरू पनि परमेश्वरको बारेमा सिक्न चाहेका थिए। त्यस परिवारले बाइबल अध्ययन गरे र जे जे कियङ्गले सिकाए, ती तिनीहरूले स्वीकारे। तिनीहरूले आफ्ना हृदयहरू येशूलाई सुम्पे। कियङ्गको प्रार्थनाको जवाफमा,  परमेश्वरले उनलाई १०० गिन्ति पुऱ्याउने बप्तिस्मा दिनुभएन। उहाँले कियङ्गलाई १०२ जना दिनुभयो।

*(कियङ्गले दक्षिण कोरियामा तीनवटा चर्चहरू स्थापना गरेका छन्)।*

**-आन्ड्र्यु मेक्चेस्नी**